१। उहाँले हामीलाई पहिले नै जान्नुभएको थियो। (रोमी ८:२९, १ पत्रुस १:२)

२। उहाँले हाम्रो चुनाउ गर्नुभयो। (रोमी ८:३३, कलस्सी ३:१२, १ थेस्सलोनिकी १:४, तितस १:१, १ पत्रुस १:२)

३। उहाँले हामीलाई पहिले नै ठहराउनुभएको थियो। (रोमी ८:२९-३०, एफिसी १:५,११)

४। हामी चुनिएकाहरू हौ। (मत्ति २२:१४, १ पत्रुस२:४)

५। हामी बोलाइएका हौ। (१ थेस्सलोनिकी५:२४)

६। हामी परमेश्वरद्वारा मेल मिलापमा ल्याइएका छौ। (२ कोरिन्थी ५:१८-१९, कलस्सी १:२०)

७। हामी परमेश्वरसंग मेल मिलापमा छौ। (रोमी ५:१०, २ कोरिन्थी ५:२०)

८। हामीले परमेश्वरद्वारा छुटकारा पाएको छौ। (रोमी ३:२४, कलस्सी १:१४, १ पत्रुस १:१८)

९। हामी आत्मिक रुपमा नयाँ गरी जन्मिएका छौ। (युहन्ना ३:७, १ पत्रुस १:२३)

१०। हामी शुद्ध गरी धोइएका (नयाँ जन्मको स्नान) छौ। (युहन्ना १३:१०, १ कोरिन्थी ६:११, तितस ३:५)

११। हामी धर्मी बनाइएका छौ, र त्यो परमेश्वरको धार्मीक्ता हो, त्यो उहाँमाथि बिश्वास गर्नेको निम्ति हो। (रोमी ३:२२, फिलिप्पि ३:९, १ कोरिन्थी १:३०,२ कोरिन्थी ५:२१, गलाती ३:२२)

१२। हामी धर्मी ठहराइएका छौ। (प्रेरित १३:३९, रोमी ३:२६, ५:१, ८:३०, १ कोरिन्थी ६:११, तितस ३:७)

१३। महिमित छौ। (रोमी ८:३०)

१४। हामीले धर्मपुत्र तुल्याउने आत्मा पाएका छौ, (रोमी ८:१५-१६,२३, गलाती ४:४-६) र परमेश्वर हाम्रो पिता हुनुहुन्छ, (१कोरिन्थी १:३,८:६, गलाती १:४, एफिसी १:२,४:६)

१५। हामीउहामा पूर्ण छौ। (कलस्सी २:१०)

१६। हामी पवित्र तुल्याइएका छौ।(१ कोरिन्थी १:३०,६:११)

१७। हामीले क्षमा पाएका छौ। (प्रेरित १०:४३, रोमी४:२५, कलस्सी१:१४,२:१३,३:१३, एफिसी १:७,४:३२, १ पत्रुस २:२४)

१८। हामी जीवित पारिएका छौ।(रोमी ४:१७, एफिसी २:१, कलस्सी २:१३)

१९। हामी सदाको लागी सिद्ध पारिएका छौ। (हिब्रु १०:१४)

२०। हामी ग्रहण वा स्वीकार गरीएका छौ। (एफिसी १:६, १ पत्रुस २:५)

२१। हामी (मिलन गाराइएका ) भागीदार बनाइएका छौ। (कलस्सी १:१२)

२२। हामी ख्रीष्ट संगै क्रुसमा टाँगीएका छौ। (रोमी ६:६,८, गलाती २:२०, १ पत्रुस २:२४)

२३। हामी ख्रीष्ट संगै गाडीएका छौ। (रोमी ६:४, कलस्सी २:१२)

२४। हामी ख्रीष्ट संगै बौरिउठेका छौ। (रोमी ६:४, एफिसी २:६, कलस्सी ३:१)

२५। हामी स्वर्गिय स्थानहरूमा बसालिएका छौ। (एफिसी२:४-६)

२६। हामी आत्माद्वारा जन्मिएका हौ। (युहन्ना ३:६)

२७। हामी आत्माद्वारा बप्तिस्मा भयौ। (१ कोरिन्थी १०:१७, १२:१३)

२८। हाम्रो स्थान स्वर्गमा सुरक्षित गर्नको लागी हामीसँग पवित्र आत्मा वैना स्वरुप हुनुहुन्छ। (२ कोरिन्थी १:२२,५:५, एफिसी १:१३-१४)

२९। आत्मा हामी भित्र बास गर्नुहुन्छ। (युहन्ना ७:३९, रोमी ५:५,८:९, १ कोरिन्थी ६:१९, २ कोरिन्थी १:२२, गलाती ४:६)

३०। हामी पवित्र आत्माद्वारा छाप लगाइएका छौ। (युहन्ना ७:३९, २ कोरिन्थी १:२२, एफिसी १:१३,४:३०)

३१। हामी परमेश्वरमा छौ। (१ थेस्सलोनिकी १:१)

३२। हामी ख्रीष्टमा छौ। (युहन्ना १४:२०)

३३। हामी आत्मामा छौ। (रोमी ८:९)

३४। हामी व्यवस्थाको निम्ति मरेका छौ। (रोमी ७:४)

३५। हामी व्यवस्थाबाट मुक्त भएका छौ। (रोमी ६:१४,७:६, २ कोरिन्थी ३:११, गलाती ३:२५)

३६। हामी ख्रीष्टमा खतना भएका छौ, आत्मामा खतना भएका छौ। (रोमी २:२९, फिलिप्पी ३:३, कलस्सी २:११)

३७। हामी ख्रीष्टको रगतद्वारा परमेश्वरको नजिक पारिएका छौ। (एफिसी २:१३, याकुब ४:८, हिब्रु १०:२२)

३८। हामीले अन्धकारको शक्तिबाट छुटकारा पाएका छौ। (कलस्सी १:१३,२:१३–१५)

३९। हामी परमेश्वरका प्रिय पुत्रको राज्यमा सारिएका छौ। (कलस्सी १:१३)

४०। परमेश्वरले हामीलाई ख्रीष्टको हातमा उपाहार स्वरुप दिनुभएको छ। (युहन्ना १७:६,११,१२,२०,१०:२९)

४१। हामीलाई उहाँले आफ्नो नाउँमा जीवन दिनुभयो। (युहन्ना ३:१५,१६,३६, ५:२४, ६:४७, ११:२५, १युहन्ना ५:११,१२)

४२। हामी कहिल्यै मर्नेछैनौं। (युहन्ना११:२६)

४३। येशू ख्रीष्ट हाम्रो प्रयाश्चित हुनुहुन्छ। (रोमी ३:२५,२६, १युहन्ना २:२)

४४। येशू ख्रीष्ट हाम्रो जग हुनुहुन्छ। (एफिसी २:२०, १कोरन्थी ३:११, २कोरन्थी १:२१)

४५। येशू ख्रीष्ट हाम्रो जीवन हुनुहुन्छ। (कलस्सी ३:४)

४६। उहाँ हाम्रो शिर हुनुहुन्छ। (कलस्सी २:१०)

४७। उहाँ हाम्रो पति हुनुहुन्छ। (एफिसी ५:२५-२७, २कोरन्थी ११:२)

४८। येशू ख्रीष्ट हाम्रो अधिवक्ता/वकिल हुनुहुन्छ। (१युहन्ना २:१)

४९। येशू ख्रीष्ट हाम्रो दाजु हुनुहुन्छ। (हिब्रू २:११)

५०। येशू ख्रीष्ट हाम्रो साथी हुनुहुन्छ। (युहन्ना १५:१५)

५१। येशू ख्रीष्ट हाम्रो असल गोठालो हुनुहुन्छ। (युहन्ना १०:११, १पत्रुस २:२५)

५२। येशू ख्रीष्ट हाम्रो महापुजाहारी वा प्रधानपुजाहारी हुनुहुन्छ। (हिब्रू ३:१, ४:१४, ६:२०)

**उहाँले हामीलाई के बनाउँनुभयो ?**

५३। हामी परमेश्वरको पुत्र भएका छौं। (२कोरन्थी ६:१८, गलाती ३:२६, १ युहन्ना ३:२) र उहाँले हामीलाई जीवित परमेश्वरका सन्तान तुल्याउँनुभयो। (रोमी ९:२६)

५४। हामी नयाँ सृष्टि हौं। (२कोरन्थी ५:१७, गलाती ६:१५)

५५। हामी ख्रीष्टका शरीरका अंगहरु हौं। (१कोरन्थी १२:१३)

५६। हामी उहाँका दुलही हौं। (एफिसी ५:२५-२७)

५७। हामी सन्त हौं। (१कोरन्थी १:२)

५८। हामी पवित्र पुजाहारी हौं। (१ पत्रुस २:५,९) र राजकीय पुजाहारी हौं। (१पत्रुस २:९, प्रकाश १:६)

५९। हामी चुनिएको वंश र निज प्रजा हौं। (तीतस २:१४, १पत्रुस २:९)

६०। हामी उहाँका उत्तराधिकारी हौं। (एफिसी १:१८)

६१। हामी परमेश्वरका भवन हौं। (१कोरन्थी ३:९) र हाम्रो शरीर उहाँको मन्दिर हो। (१कोरन्थी ६:१९)

६२। हामी स्वर्गीय नागरिक हौं। (लुका १०:२०, एफिसी २:१९, फिलिप्पी ३:२०, हिब्रू १२:२२)

६३। हामी उहाँको सहकर्मीहरु हौं। (१कोरन्थी ३:९, २कोरन्थी ६:१)

६४। हामी परमेश्वरका राजदूत हौं। (२कोरन्थी ५:२०)

६५। हामी परमेश्वरका सेवकहरु हौं। (२कोरन्थी ३:३,६, ६:४)

६६। हामी उहाँका घरानाका हौं। (गलाती ६:१०, एफिसी २:१९, ३:१५)

६७। हामी उहाँका मानिसहरु हौं। (२कोरन्थी ६:१६)

६८। हामी उहाँको प्रियजन हौं। (रोमी ९:२५)

६९। विश्वासीहरुलाई दण्डको आज्ञा छैन। (रोमी ८:१, युहन्ना ३:१८, ५:२४, १कोरन्थी ११:३२)

७०। विजयी भन्दा विजयी भएर हामी जीवनमा राज्य गर्छौं। (रोमी ५:१७, ८:३७)

७१। हामी जीवित पारिएका छौं। (एफिसी २:१, कलस्सी २:१३)

७२। हामीलाई परमेश्वरको अघि जाने अधिकार छ। (रोमी ५:२, एफिसी २:१८, हिब्रू ४:१४-१६, १०:१९,२०)

७३। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ। (युहन्ना ३:१६, एफिसी २:४, ५:२)

७४। उहाँले हामीलाई आफ्नो अनुग्रह दिनुहुन्छ। (एफिसी २:८)

७५। उहाँले हामीलाईं आफ्नो शक्ति दिनुहुन्छ। (एफिसी १:१९, फिलिप्पी २:१३)
७६। उहाँ हाम्रो निम्ति विश्वासयोग्य हुनुहुन्छ। (फिलिप्पी १:६, हिब्रू १३:५)
७७। उहाँले हामीलाई आफ्नो शान्ति दिनुहुन्छ। (कलस्सी ३:१५)
७८। उहाँले हामीलाई आशा दिनुहुन्छ। (एफिसी १:१८)
७९। उहाँले हामीलाई हरेक आत्मिकी आशिष दिनुहुन्छ। (एफिसी १:३)
८०। उहाँले हामीलाई विश्राम दिनुहुन्छ। (हिब्रू ४:३, मत्ति ११:२८)
८१। उहाँले हामीलाई आनन्द दिनुहुन्छ। (रोमी १५:१३, १पत्रुस १:८)
८२। उहाँले हामीलाई सान्त्वना दिनुहुन्छ। (२ थेस्लो. २:१६)
८३। उहाँले हाम्रो निम्ति अन्तर्विन्ति चढाउँनुहुन्छ। ( हिब्रू ७:२५, ९:२४, रोमी ८:३४)
८४। उहाँले  हामीलाई रक्षा/ सुरक्षा गर्नुहुन्छ। (लुका ४:१०, हिब्रू १:१४)
८५। उहाँले हामीलाई सिकाउँनुहुन्छ। (तीतस २:१२,१३)
८६। उहाँले हामीलाई जीवनको गतिविधि र परिस्थितिबाट बचाउँनुहुन्छ। (रोमी १:१६)
८७। उहँले हामीलाई पैतृक सम्पत्तिको उत्तराधिकार दिनुभएको छ। (एफिसी १:१४, कलस्सी ३:२४, हिब्रू९:१५, १पत्रुस १:४)
८८। उहाँसँग हाम्रो संगति छ। (१कोरन्थी १:९, १युहन्ना १:९)
८९। हाम्रो निम्ति समस्यामा पनि विश्वासयोग्य हुनुहुन्छ। (रोमी ८:१८, फिलिप्पी १:२९, कलस्सी १:२४, १थेस्लोनिकी ३:३, २तिमोथी २:१२, १ पत्रुस २:२०, ४:१२,१३)
९०। उहाँको वचनले हामीमा कार्य गर्दछ। (१थेस्लो.३:१३)
९१। हामी चाहिँ लाजमा परेका छैनौं। (रोमी ९:३३, १०:११)
९२। हामी फेरि तिर्खाउँने छैनौं। (युहन्ना ६:६३)
९३। हामी शर्ममा पर्नुपर्दैन। (१पत्रुस ३:६)
९४। हामी संसारमाथि विजय भएका छौं। ( १युहन्ना ५:५)
९५। उहाँको महान् सामर्थ्य हामीतिर छ, जसले विश्वास गर्दछ। (एफिसी १:१०)

## निष्कर्ष

जव हामी ख्रीष्टले हामीमा र हाम्रो निम्ति गर्नुभएको कुराहरुको बारेमा भन्दछौं, तव हामी बुझ्न सक्छौं की यदि परमेश्वर हाम्रो निम्ति हुनुहुन्छ, हाम्रो पक्षमा हुनुहुन्छ भने कुनै कुरा वा कुनै व्यक्ति हाम्रो विरुद्धमा खडा हुन सक्दैन (रोमी ८:३१-३९)।

कल्पना गर्नुहोस्, एउटा एउटा गरी हरेक बुँदालाई लिनुहोस्। अनि भन्नुहोस् : पवित्र आत्मा, मलाई यसको रहस्य खुलाइदिनुहोस्। तपाईले थाहा पाउँनुभन्दा अघि नै तपाइले वाचाहरुद्धारा प्रति उत्तर दिन शुरु गर्नुहुन्छ तर पनि तपाई आश्चर्यचकित हुनुहुन्छ, किन ? किन उहाँले मेरो निम्ति यी सबै कुरा गर्नुभयो ? र तपाईले कहिल्यै पनि उहाँको उपस्थितिमा रहने मौका गुमाउँन चाहनुहुन्न।

यी सत्यहरुलाई आफ्नो हृदयमा लुकाउँनुहोस् र मनन गर्नुहोस्। यसरि तपाईले जान्नुहुनेछ की यी सबै उहाँले तपाईका निम्ति उहाँको आत्माद्धारा गर्नुभयो।